# नासा हाइड्रोपावर लि.
# NASA HYDROPOWER LTD.

4th Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Tel: +977-1-4514355, 4514104, 4514651, Fax: +977-1-4514039
E-mail : Info@mvdugarhydro.com


पत्र संख्या: २०८३/८४ मितिः २०८३/०५/२६

च.नं.: ३९

श्रीमान् अध्यक्षज्यू,

विगु गाउँपालिका कार्यालय, ~~लामाबगर~~ सिंगटी, दोलखा

**विषयः सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा**

प्रस्तुत विषयका सम्बन्धमा यस नासा हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्लाको गौरीशंकर संरक्षण क्षेत्र भित्र विगु गाउँपालिका वडा नं १ भएर बग्ने ल्याप्चे खोलामा ल्याप्चे खोला जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वि.सं. मा२०७२/०५/२५ मा स्वीकृत भएको थियो। प्रस्तावित आयोजनाको जडित क्षमता १६० मे.वा. बाट २०० मे.वा. मा (मनसुनको समयमा-असार, साउन, भदौ) वृद्धि गर्नको लागि सो आयोजनाको पुरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयको सचिवस्तरीय निर्णय अनुसार मिति २०८३/०३/१७ मा अध्ययन सहमति प्राप्त भएको छ।

यसै अनुरुप तयार गरिएको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) को मस्यौदा प्रतिवेदन माथि निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। साथै सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना यसै पत्र साथ संलग्न गरि पेश गरेको छु र सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सूचना टाँसको जानकारी गरिदिनुहुन अनुरोध गर्दछौं।

<u>सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मितिः</u>

मिति : २०८३ साल असोज ०५ गते, सोमबार ।

समय : बिहान ११:०० बजे।

स्थान : इलुक चौर, विगु गाउँपालिका वडा नं १, दोलखा

श्री प्रशासन शाखा
२०८३/५/२९

भवदीय,

राजेश्वर न्यौपाने

वरिष्ठ प्रबन्धक

नासा हाइड्रोपावर लिमिटेड